# प्रेस नोट

## राष्ट्रिय जनगणना २०७८– दृष्टिकरण (Envisioning) विषयक गोष्ठी

## Envisioning the 2021 Population and Housing Census of Nepal

**मिति २०७५ भाद्र १ गते शुक्रबार ललितपुर**

संवैधानिक व्यवस्था अनुसार राज्यले जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने नीति लिएको छ । प्रतिनिधि सभा तथा प्रदेश सभाको क्षेत्र निर्धारणको लागि भूगोल र जनसंख्यालाई महत्वपूर्ण आधार मानेको छ। संविधानले समानुपातिक र समावेशी सिद्धान्तको प्रमुख एक आधार जनसंख्यालाई मानेको छ। संविधानको अनुसूचिको कार्य विस्तृतीकरण र स्थानीय तह कार्य सञ्चालन ऐनले स्थानीय तहलाई दिएको अधिकारको कार्यान्वयनको लागि जनसंख्यिक तथ्यांकको महत्वलाई स्पष्ट मार्गदर्शन गरेको छ। नेपालमा संघीय शासन अवलम्वन पछिको पहिलो ऐतिहासिक जनगणनाले संघ, प्रदेश र स्थानीय तह अनुसार र राष्ट्रिय आवश्यकता अनुसार खण्डिकृत तथ्यांक उपलब्ध गराउनु पर्ने आवश्यकता देखिन्छ। केन्द्रीय तथ्यांक विभागले वि.स. २०७८ मा सञ्चालन गर्न गइरहेको १२ औं राष्ट्रिय जनगणनाको तयारी, योजना, व्यवस्थापन लगायतका विविध विषयगत प्राविधिक पक्षमा प्रारम्भिक मार्गचित्र जानकारी गर्नुका साथै छलफल तथा अन्तरक्रियाबाट सुझाव एव्म पृष्ठपोषण संकलन गर्नु यस गोष्ठीको मुख्य उद्देश्य रहेको छ ।

यस गोष्ठीको अन्य उद्देश्यहरुमा हालसम्म भएका जनगणनाको अवस्था र सिकाई तथा आगामी २०७८ मा सम्पन्न हुने जनगणनाको संक्षिप्त कार्य योजनामा, आगामी जनगणनाको स्रोत व्यवस्थापन तथा परिचालन र गणनाका विविध पक्षमा आवश्यक छलफल गरी सुझाव संकलन गर्नु रहेको छ ।

यस गोष्ठीमा तीनवटा प्रस्तुति गरिएको थियो। विभागका महानिर्देशक सुमनराज अर्यालले संवैधानिक व्यवस्था अनुसार जनसंख्या तथ्यांकको महत्व, सयुक्त राष्ट्र संघको जनगणनाका सिद्धान्त र सिफारिसको अनुशरण र नेपालको सन्दर्भ, नेपालको ऐतिहासिक पृष्ठभूमि, जनगणना, २०७८ को प्रारम्भिक कार्य योजना, व्यवस्थापन तथा हालको तयारी अवस्था विषयमा पहिलो प्रस्तुति गर्नु भएको थियो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव डा. बैकुण्ठ अर्यालयले नीति निर्माणमा जनगणना तथ्यांकको प्रयोग र सुशासन विषयमा र जनगणना २०७८ को सन्दर्भमा सुझावहरु दोस्रो प्रस्तुति गर्नु भएको थियो।

संयुक्त राष्ट्र संघ जनसख्या कोषका **रोगेलो फर्नान्डेज** ले संघीयतामा जनगणनाको नीति निर्णयसँगको सम्बन्ध, गुणस्तर कायमका लागि अपनाउनु पर्ने सावधानी, जनगणनाबाट अपेक्षित महत्वपूर्ण सूचकहरु, अन्तर्राष्ट्रिय अभ्यास, जनगणना सञ्चालनका महत्वपूर्ण तथा जोखिम पक्ष तथा चुनौति र अवसरका विषयमा तेस्रो प्रस्तुति गर्नु भएको थियो ।

संयुक्त राष्ट्र संघ जनसंख्या कोषका नेपालका प्रतिनिधि **लुब्ना बाकी** ले विगत जनगणनामा केन्द्रीय तथ्यांक विभागलाई कोषबाट आर्थिक तथा प्राविधिक सहयोग हुदै आएको र आगामी दिनमा समेत उल्लेखनीय सहयोग

रहने विचार व्यक्त गर्नु भएको थियो । आगामी जनगणनाबाट प्राप्त हुने तथ्यांकले नीति निर्माणकर्ता, योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, दिगो विकासका लक्ष्यको लागि तथ्यांक उत्पादन र अनुगमन गर्न, मानव अधिकारको संरक्षण र संघीताको कार्यान्वयनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको भएको थियो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. राम कुमार फुयालले तीनवटै कार्यपत्रमा टिप्पणी गर्नु भएको थियो । तीनवटा कार्यपत्र समय सान्दर्भिक रहेको र यसले आगामी जनगणना सञ्चालन र व्यवस्थापन, नयाँ प्रविधिको प्रयोग, स्थानीय तहसम्मका सानो एकाईमा खण्डिकृत तथ्यांक उपलब्ध गराउने विषयमा महत्वपूर्ण सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको अन्तमा विभिन्न मन्त्रालययका सचिव, विश्वविद्यालयका प्राध्यापक, विकास साझेदार निकायका प्रतिनिधिहरु, सहसचिवहरु लगायतले आफ्नो सुझाव राख्नु भएको थियो ।

प्रमुख अतिथि एवम् रा.यो.आ.का उपाध्यक्ष डा. पुष्प राज कंडेलले स्थानीय तहको तल्लो तहसम्म माग भएका तथ्यांक आपूर्ति गर्ने तर्फ सचेत हुनु पर्ने, संविधानमा निर्दिष्ट नीति, संघीय तथा प्रादेशिक निर्वाचनको क्षेत्र निर्धारण, समावेशी र समानुपातिक सिद्धान्तको पालन गर्न, सरकारका सबै तहमा स्रोत व्यवस्थापन, नीति तथा निर्णय प्रक्रिया तथ्यमा आधारित हुन लगायत कार्यमा जनगणनाको तथ्यांक महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भएको थियो । नेपाल सरकारले लिएको **समृद्ध नेपाल र सुखी नेपाली**को नारा कार्यान्वयन भए नभएको मापन गर्ने आधार नै जनगणनाका तथ्यांक हुने र त्यसैगरी राष्ट्रिय तथ्यगत विवरणको राष्ट्रिय अभियानमा समेत सहयोग पुग्ने विचार राख्नु भएको थियो । यस महत्वपूर्ण वृहत कार्यमा रा.यो.आ.को सबै प्रकारको सहयोग रहने कुरा व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा विभिन्न संवैधानिक आयोग र मन्त्रालयका सचिवहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरु, विभिन्न विभागका महानिर्देशकहरु, योजना आयोगका सहसचिवहरु, नेपाल स्थित दुतावासका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय विकास साझेदार निकायका प्रमुख तथा प्रतिनिधिहरु, विश्वविद्यालय संकायका प्रमुखहरु, विभागका पूर्व महानिर्देशक तथा उपमहानिर्देशकहरु, केन्द्रीय तथ्यांक विभागका निर्देशकहरु सहित १२० जनाको सहभागिता रहेको थियो ।

विभागका उपमहानिर्देशक श्री नेबिनलाल श्रेष्ठले उपस्थित विशिष्ट महानुभावहरुको लागि स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने विभागका निर्देशक ढुण्डीराज लामिछानेले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।


**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**केन्द्रीय तथ्याङ्क विभाग**
**सम्पर्क व्यक्तिः निर्देशक ढुण्डीराज लामिछाने**
**जनगणना शाखा, के.त.वि.**
**मोवाइल नं. ९८४१४३४३१२**
**इमेलः dhundiraj@gmail.com**